१२६९।८८३

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ५३०/२०७२/०७३

निर्णय नं. ८८३

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), शम्भुनाथ नगरपालिका कार्यालय, सप्तरी ...............१ विपक्षी

सूचना अधिकारी, शम्भुनाथ नगरपालिका कार्यालय, सप्तरी ........................................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाण्डौका तारानाथ दाहाल समेतले शम्भुनाथ नगरपालिका कार्यालय, सप्तरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम शम्भुनाथ नगरपालिका कार्यालय, सप्तरीलाई मिति २०७२।०७।२९, च.न ४७२ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त शम्भुनाथ नगरपालिका कार्यालय सप्तरीको मिति २०७३।०१।०६, च.नं.३६८ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई प्रेषित गरी जानकारी गराईएकोले यसको प्रतिलिपि निवेदकलाई उपलब्ध गराई प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ २३ गते रोज १ शुभम् ।